माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति "को मिति २०७७ जेठ ४ गते आईतवार वसेको २५ औ वैठकमा देहाय वमोजिमका निर्णय गरियो।

१. मुलुकभर कोभिड-१९को संक्रमण महामारीको रुपमा बढ्दै गएको र सो को रोकथाम तथा नियन्त्रणको प्रभावकारी उपाय वन्दावन्दी (Lockdown) नै रहेकाले २०७७ ज्येष्ठ ५ गते सम्म कायम रहेको वन्दावन्दी (Lockdown) लाई निरन्तरता दिन सिफारिस गर्ने।
२. कोभिड-१९को संक्रमणको प्रभाव वढी रहेका स्थानहरुमा Tracing, Testing र Treatment को कार्यलाई सघन तथा प्रभावकारी रुपमा अघि वढाउने।
३. कोभिड-१९ महामारीको कारण मध्य पूर्व एशिया (खाडि) राष्ट्रसा रहेका नेपाली नागरिकहरुलाई ती देशहरुले आफ्नो देशमा फिर्ता पठाउने सम्भावना रहेको तथा छिमेकी राष्ट्र भारतवाट समेत नेपालीहरु स्वदेश फिर्ता भइरहेकाले यसरी फिर्ता भई आउने नेपाली नागरिकहरुलाई व्यवस्थित क्वारेन्टाईनमा राख्नु पर्ने भएकाले मापदण्ड वमोजिमको क्वारेन्टाईन प्रदेश तथा स्थानिय तहहरुले निर्माण गर्ने।
४. कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण एवं उपचारको कार्यमा खटिएका स्वास्थ्यकर्मी तथा आमनागरिकहरुलाई सुरक्षाको प्रत्याभुति दिन शान्ति सुरक्षाको कार्यलाइ अझ वढी सुदृढ वनाउने।
५. वन्दावन्दी (Lockdown) को अवधिमा उपभोक्ता वर्गलाई दैनिक उपभोग्य वस्तुको आपूर्ति तथा अत्यावस्यक सेवाको प्रवाहलाई नियमित गराउने व्यवस्था उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने।
६. ईन्डोनेशियावाट LIDAR सम्वन्धी सरकारी कामको लागि बिमानवाट नेपाल आउने प्राविधिकहरुको कार्यदललाई नेपाल प्रवेश गर्न दिने विषयमा समितिवाट सिफारिस गरियो।

2077/2/4

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

नेपाल सरकार